# प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

**२०७७।०६।०५**

**प्रस्तावनाः** प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनीत वा नियुक्त पदाधिकारी तथा कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले प्रदेश सुशासन केन्द्रको स्थापना गरी केन्द्रको कार्यलाई सुव्यवस्थित रूपले सञ्चालन गर्न आवश्यक भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ५ ले दिएको अधिकारको प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आदेशको नाम "प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "ऐन" भन्नाले "प्रदेश सुशासन ऐन, २०७७" सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त भएको प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "प्रदेश सुशासन केन्द्र" सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको प्रदेश सुशासन केन्द्रको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

३. **<u>प्रदेश सुशासन केन्द्रको स्थापना</u>**: (१) प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनीत वा नियुक्त पदाधिकारी तथा कर्मचारीलाई योजनाबद्ध तरिकाले प्रशिक्षणको व्यवस्था गरी प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले प्रदेश सुशासन केन्द्रको स्थापना गरिएको छ।

(२) केन्द्रको लागि आवश्यक पर्ने जग्गा, भवन र अन्य भौतिक संरचनाको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

४. **<u>प्रदेश सुशासन केन्द्रको मूल्य र मान्यता</u>**: प्रदेश सुशासन केन्द्रले देहायको संस्थागत मूल्य र मान्यताको अधीनमा रही आफ्नो कार्य सम्पादन गर्नेछः-

(क) लैङ्गिक सामाजिक समावेशीता,

(ख) समता र समविकास,

(ग) दिगो विकास र मौसम परिवर्तनका असरहरूको व्यवस्थापन,

(घ) सङ्घीय लोकतान्त्रिक व्यवस्थाका मूल्य र मान्यता।

५. **<u>प्रदेश सुशासन केन्द्रको काम, कर्तव्य र अधिकार</u>**: प्रदेश सुशासन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रदान गरिने प्रशिक्षणको आवश्यकताको आँकलन गर्ने,

(ग) प्रशिक्षणको पाठ्यक्रम तथा प्रशिक्षण सामग्री तयारी र कार्यतालिका निर्धारण गर्ने,

(घ) प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको कार्यक्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरक्रिया, अनुभव आदान-प्रदान तथा यस्तै किसिमका अन्य कार्यक्रम सञ्चालन गर्ने,

(ङ) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको लागि सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गर्ने,

(च) प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट सेवा निवृत्त हुन लागेका कर्मचारीको भावी योजनाका सम्बन्धमा प्रशिक्षण प्रदान गर्ने,

(छ) क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार, स्थानीय तह, प्रशिक्षण प्रतिष्ठान, निजी क्षेत्र, गैरसरकारी संघ/संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ज) शासकीय प्रबन्ध, व्यवस्थापन र विकास लगायतका विषयमा अनुसन्धानमूलक कार्य गर्ने,

(झ) केन्द्रको कार्यक्षेत्रभित्र पर्ने विषयमा परामर्श सेवा उपलब्ध गराउने,

(ञ) क्षमता विकास सम्बन्धी कार्यक्रमको मूल्याङ्कन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) साझेदारीमार्फत सञ्चालन गर्न उपयुक्त हुने प्रशिक्षण कार्यक्रमको सन्दर्भमा संघ र स्थानीय तहसँग साझेदारी गर्दै कार्यक्रम सञ्चालन गर्ने,

(ठ) प्रदेश सरकारले समय समयमा तोकि दिएको अन्य कार्य गर्ने।

६. **<u>निर्देशक समिति</u>**: (१) प्रदेश सुशासन केन्द्र सञ्चालनको लागि आवश्यक मार्गदर्शन गर्न एक निर्देशक समिति रहनेछ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रमुख सचिव -सदस्य

(ङ) अध्यक्ष, प्रदेश लोक सेवा आयोग -सदस्य

(च) जिल्ला समन्वय समिति महासंघको प्रदेश समितिको प्रमुख -सदस्य

(छ) केन्द्र रहने स्थानीय तहको प्रमुख -सदस्य

(ज) नेपाल नगरपालिका संघको प्रदेश समितिको अध्यक्ष -सदस्य

(झ) गाउँपालिका राष्ट्रिय महासंघको प्रदेश समितिको अध्यक्ष -सदस्य

(ञ) मुख्यमन्त्रीले मनोनीत गरेको प्रादेशिक विश्वविद्यालयको एक जना महिला प्रतिनिधि -सदस्य

(ट) मन्त्रालयको शासकीय सुधार तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

समन्वय महाशाखा हेर्ने सचिव -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा अध्यक्षले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

७. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति स्वीकृत गर्ने,

(ख) केन्द्र सञ्चालनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(ग) केन्द्रको कार्यक्रम सञ्चालनका लागि कार्यविधि, निर्देशिका, मापदण्ड स्वीकृत गर्ने,

(घ) केन्द्र र विभिन्न निकाय बीच समन्वय र सहकार्यका लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) केन्द्रले सञ्चालन गरेका कार्यक्रमको समीक्षा गरी सुधारको लागि आवश्यक निर्देशन दिने,

(च) केन्द्र सञ्चालनका लागि अन्य आवश्यक निर्देशन दिने।

८. **<u>निर्देशक समितिको बैठक र निर्णयः</u>** (१) निर्देशक समितिको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) निर्देशक समितिको बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले निर्देशक समितिका सबै सदस्यलाई दिनेछ।

(४) निर्देशक समितिमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) निर्देशक समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा निर्देशक समितिको वरिष्ठ सदस्यले गर्नेछ।

(६) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सदस्य-सचिवले निर्देशक समितिको बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) निर्देशक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) दफा ६ को उपदफा (२) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यले बैठकमा उपस्थित भए बापत बैठक भत्ता र बैठकमा उपस्थित भएको दिनको यातायात खर्च पाउनेछ।

(१०) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **सञ्चालक समितिः** (१) केन्द्र सञ्चालनका लागि एक सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख सचिव -अध्यक्ष

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ख) सचिव, आन्तरिक मामिला तथा
कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा
योजना मन्त्रालय -सदस्य

(घ) सचिव, मन्त्रालयको शासकीय
सुधार तथा समन्वय महाशाखा हेर्ने -सदस्य

(ङ) प्रमुख सचिवले मनोनीत गरेको
कम्तीमा एक जना महिला सहित
विषय विज्ञ दुई जना -सदस्य

(च) कार्यकारी निर्देशक, केन्द्र -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा अध्यक्षले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) मनोनीत सदस्यले बैठकमा उपस्थित भए बापत बैठक भत्ता र बैठकमा उपस्थित भएको दिनको यातायात खर्च पाउनेछ।

१०. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>**: सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रबाट सञ्चालन गरिने कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) केन्द्रको योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) केन्द्रबाट सञ्चालन हुने तालीम र प्रशिक्षणको पाठ्यक्रम स्वीकृत गर्ने,

(घ) केन्द्रको तर्फबाट गर्नुपर्ने कुनै कार्य गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्ने,

(ङ) केन्द्रबाट भए गरेका कार्यहरूको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने वा गराउने,

(च) केन्द्रबाट सञ्चालित तालीम र प्रशिक्षण लिने व्यक्तिको मूल्याङ्कन गर्ने मापदण्ड निर्धारण गर्ने,

(छ) निर्देशक समितिको निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ज) केन्द्र सञ्चालनको लागि अन्य आवश्यक कार्य गर्ने।

११. **सञ्चालक समितिको बैठक र निर्णयः** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सञ्चालक समितिका सबै सदस्यलाई दिनेछ।

(४) सञ्चालक समितिमा अध्यक्ष सहित तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सञ्चालक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) सदस्य-सचिवले सञ्चालक समितिको बैठकको निर्णय प्रमाणित गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(७) सञ्चालक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) दफा ९ को उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यले बैठकमा उपस्थित भए बापत बैठक भत्ता र बैठकमा उपस्थित भएको दिनको यातायात खर्च पाउनेछ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>पाठ्यक्रम समितिः</u>** (१) केन्द्रले सञ्चालन गर्ने क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, प्रशिक्षण विषयवस्तु, मूल्याङ्कन विधि तथा अध्ययन अनुसन्धान प्रतिवेदनको स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) कार्यकारी निर्देशक, केन्द्र -संयोजक

(ख) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि -सदस्य

(ग) प्रमुख सचिवले तोकेको कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि -सदस्य

(घ) संयोजकले तोकेको विषय विज्ञ -सदस्य

(ङ) निर्देशक, केन्द्र -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (१) बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **<u>कार्यकारी निर्देशक</u>**: (१) केन्द्रको प्रमुखको रूपमा काम गर्न देहाय बमोजिम सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछः-

(क) प्रमुख सचिव, मन्त्रालय -संयोजक

(ख) निर्देशक समितिको अध्यक्षले तोकेको प्राज्ञिक क्षेत्रसँग सम्बन्धित विषय विज्ञ -सदस्य

(ग) प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले कार्यकारी निर्देशकको नियुक्तिको लागि उपदफा (३) बमोजिमको योग्यता पुगेको व्यक्ति मध्येबाट तीन जनाको नाम मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(३) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) प्रशासन, विकास, व्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पुरा भई साठी वर्ष उमेर ननाघेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(च) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

(४) उपदफा (१) बमोजिम सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि र उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्ने मापदण्ड सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

तर निजको नियुक्ति दुई कार्यकाल भन्दा बढी हुन सक्ने छैन।

(६) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएको मानिनेछः-

(क) निजले प्रदेश सरकार समक्ष लिखित राजीनामा दिई उक्त राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा।

(७) उपदफा (६) को खण्ड (ख) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउँदा निजलाई सफाइको मौका दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) यस दफा बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

(९) कार्यकारी निर्देशकसँग सञ्चालक समितिको अध्यक्षले मूल्याङ्कनका स्पष्ट सूचक सहितको कार्य सम्पादन सम्झौता गर्नेछ।

(१०) यस दफा बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म वा पदमा कायम नरहेको अवस्थामा मन्त्रालयले कम्तीमा एघारौं तहको अधिकृतलाई केन्द्रको कार्यकारी निर्देशक पदमा कामकाजका लागि खटाउनेछ।

१४. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>**: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानूनको अधीनमा रही केन्द्रको कार्यकारी प्रमुखको हैसियतले काम गर्ने,

(ख) सञ्चालक समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ग) केन्द्रको रणनीतिक तथा आवधिक योजना तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ङ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) केन्द्रको वार्षिक तथा आवधिक प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(छ) केन्द्रबाट सञ्चालित तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा त्यस्तै किसिमका अन्य कार्यक्रमको निरीक्षण गर्ने,

(ज) सञ्चालक समितिको सदस्य-सचिवको रुपमा कार्य गर्ने,

(झ) सञ्चालक समितिले तोकिदिएको केन्द्र सञ्चालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) कार्यकारी निर्देशकले केन्द्रमा कार्यरत कर्मचारी तथा केन्द्रको स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विज्ञसँग मापनयोग्य सूचकका आधारमा कार्य सम्पादन सम्झौता गर्न सक्नेछ।

१५. **<u>संगठन संरचना र दरबन्दीः</u>** केन्द्रको सङ्गठन संरचना तथा दरबन्दी अनुसूची-२ बमोजिम हुनेछ।

१६. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) केन्द्रको लागि आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी प्रदेश सरकारबाट व्यवस्थापन नभएसम्मको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा २०ख. बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भई आएको महिला विकास प्रशिक्षण केन्द्र जावलाखेल ललितपुरमा कार्यरत कर्मचारी खटिई आएमा प्रदेश सरकारले केन्द्रको कामकाजमा लगाउन सक्नेछ।

१७. **<u>प्रशिक्षक सूची तयार गर्नेः</u>** (१) केन्द्रले प्रशासनिक तथा व्यवस्थापन दक्षता सम्बन्धी विषय र केन्द्रले दिने प्रशिक्षण सम्बन्धी विषयमा प्रशिक्षण दिन सक्ने व्यक्तिहरूको प्रशिक्षक सूची तयार गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा केन्द्रले सम्भव भएसम्म विषयगत र क्षेत्रगत रूपमा अलग-अलग सूची तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई केन्द्रले समय समयमा अद्यावधिक गर्नेछ।

(४) दफा १४ र यस दफा बमोजिमको विज्ञ र प्रशिक्षकको सेवा लिँदा निजको पारिश्रमिक र अन्य सुविधा सम्बन्धमा सञ्चालक समितिले आवश्यक कार्यविधि बनाई निर्देशक समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

१८. **<u>साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** (१) केन्द्रबाट सञ्चालन हुने कुनै प्रशिक्षण, अनुसन्धान र जनशक्ति विकास सम्बन्धी कार्य साझेदारी मार्फत गर्नुपर्ने भएमा त्यस्तो कार्यक्रम संघ र स्थानीय तहसँग साझेदारी गरी सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको ढाँचा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१९. **<u>केन्द्रको खाता, बजेट, लेखा र लेखापरीक्षणः</u>** (१) केन्द्रको लागि आवश्यक बजेट मन्त्रालयले उपलब्ध गराउने छ।

(२) केन्द्रको खाता सञ्चालन प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन र सो अन्तर्गत बनेका नियमावली बमोजिम हुनेछ।

(३) केन्द्रको आम्दानी खर्चको हिसाब प्रदेश सरकारको लेखा प्रणाली बमोजिम राखिनेछ।

(४) केन्द्रको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) मन्त्रालयले केन्द्रको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्नेछ ।

२०. **<u>वार्षिक प्रतिवेदनः</u>** (१) केन्द्रले आफूले वर्ष भरी सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त केन्द्रले वर्ष भरिमा सञ्चालन गरेको प्रशिक्षण लगायतका कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा भएको खर्च, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ।

२१. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) सञ्चालक समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त भएका अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-१

(दफा १३ को उपदफा (८) सँग सम्बन्धित)

**कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा**

| क्र.सं. | शीर्षक | इकाइ | रकमसुविधा/ |
|---|---|---|---|
| १. | पारिश्रमिक (मासिक) | रु. | ४७,३८०।- |
| २. | घरभाडा (मासिक) | रु. | २०,०००।- |
| ३. | पोशाक (वर्षको एक पटक) | रु. | १०,०००।- |
| ४. | चाडपर्व खर्च वर्षको एक ) (पटक | रु. | एक महिनाको तलब बराबर |
| ५. | टेलिफोन मोबाइल/ (मासिक) | रु. | २,०००।- |
| ६. | सवारी साधन चालक ) (सहित | - | उपलब्ध गराउने |
| ७. | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २,०००।- |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५।- |
| ९. | डिजेल पेट्रोल/ | मासिक (लिटर) | ७० |
| १०. | मोबिल | त्रैमासिक (लिटर) | ५ |

**द्रष्टव्यः**

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, उत्तर कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.इ., सिंगापुर, लेबनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

२. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात

अन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लिखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ।


५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छयसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-२
(दफा १५ सँग सम्बन्धित)

## (क) केन्द्रको सङ्गठन संरचना




आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## (ख) केन्द्रको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह | तह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | निर्देशक | प्रशासन | सामान्य प्रशासन | अधिकृत नवौं | २ | |
| २. | उप-निर्देशक | प्रशासन | सामान्य प्रशासन | अधिकृत सातौं/आठौं | ५ | |
| ३. | लेखा अधिकृत | प्रशासन | लेखा | अधिकृत सातौं/आठौं | १ | |
| ४. | अधिकृत/सहायक | प्रशासन | सामान्य प्रशासन | अधिकृत छैठौं/सहायक पाचौं | ५ | |
| ५. | सूचना प्रविधि अधिकृत/ सहायक | विविध | विविध | अधिकृत छैठौं/सहायक पाचौं | १ | |
| ६. | निजी सहायक | प्रशासन | सामान्य प्रशासन | सहायक पाचौं | १ | |
| ७. | हलुका सवारी चालक | - | - | श्रेणी विहीन | २ | |
| ८. | कार्यालय सहयोगी | - | - | श्रेणी विहीन | ३ | |
| जम्मा | | | | | २० | |

## (ग) केन्द्रको शाखागत कार्य विवरण

### १. क्षमता विकास, नीति र अनुसन्धान महाशाखा

#### (क) योजना तर्जुमा र पाठ्यक्रम विकास शाखा

(१) रणनीतिक, आवधिक र वार्षिक योजना र बजेट तयारी गर्ने र स्वीकृत गराउने।

(२) राष्ट्रिय नीति, सिद्धान्त, मापदण्ड र गुणस्तर निर्धारणभित्र रही आवश्यकताका आधारमा पाठ्यक्रम र प्रशिक्षण सामग्रीको तयारी गर्ने।

(३) प्रशिक्षक प्रशिक्षण प्रदान गरी प्रविधि हस्तान्तरण गर्ने।

(४) प्रदेश र स्थानीय तहमा गुणस्तर नियन्त्रण गर्न नियमनकारी निकायको भूमिका निर्वाह गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) संघ र प्रदेश स्तरीय निकायसँग पाठ्यक्रम विकास, मापदण्ड र गुणस्तर निर्धारणमा समन्वय र सहकार्य गर्ने।

**(ख) अनुसन्धान र ज्ञान व्यवस्थापन शाखा**

(१) मापदण्ड, गुणस्तर र पाठ्यक्रम सुधारका लागि कार्यमूलक र विषयगत अनुसन्धान गर्ने।

(२) अनुगमन, मूल्याङ्कन र प्रणालीगत सुधारका लागि प्राविधिक सहयोग दिने।

(३) अनुभव आदान-प्रदान गर्ने र सिकाई संस्थागत गर्ने।

(४) ज्ञान व्यवस्थापनका सिद्धान्तका आधारमा प्रदेश स्तरको स्रोत केन्द्र र विद्वत संस्थाको कार्य गर्ने।

(५) प्रदेश तहमा विषयगत क्षेत्रमा नीतिगत बहस र प्राविधिक सहयोग गर्ने।

(६) नीति निर्माण तहमा सहभागिता र मार्गदर्शनका लागि विकल्पहरूको तयारी गर्ने।

(७) सञ्चार माध्यमसँग सहकार्य गरी विचार निर्माणमा योगदान गर्ने।

**(ग) प्रशिक्षण तथा क्षमता विकास शाखा**

(१) जनप्रतिनिधि र कर्मचारीलाई आवश्यकता अनुसार विषयगत क्षेत्रमा प्रशिक्षण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

(२) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण सञ्चालन गर्ने।

(३) संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा राष्ट्रिय कार्यक्रम सञ्चालन गर्ने।

## २. व्यवस्थापन र प्राविधिक सहयोग महाशाखा

**(क) प्राविधिक सहयोग र सहकार्य शाखा**

(१) प्रशिक्षणका लागि साझेदारहरूसँग सहकार्य र समन्वय गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) स्थानीय तहहरूको क्षमता विकास र कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग गर्ने ।

(३) प्रदेश सरकार र स्थानीय तहलाई प्राविधिक सल्लाह, सुझाव र सहयोग गर्ने ।

(४) साझेदारीमा कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने ।

(५) प्रदेश र स्थानीय तहमा रहेका संस्थालाई सहयोग र मार्गदर्शन गर्ने ।

(६) संघ, प्रदेश र स्थानीय तहका विषयगत प्रशिक्षण केन्द्रसँग प्रशिक्षण सञ्चालनमा समन्वय र सहकार्य गर्ने ।

(७) संघीय, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

**(ख) व्यवस्थापन शाखा**

(१) आन्तरिक व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने ।

(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।

(३) कर्मचारीको र कार्यक्रमगत जनशक्तिको अभिलेख राख्ने ।

(४) प्रशासनसँग सम्बन्धित तोकिएका अन्य सम्पूर्ण कार्य गर्ने ।

**(ग) आर्थिक प्रशासन शाखा**

(१) आर्थिक प्रशासनका सामान्य सिद्धान्त र कानून अनुसार आम्दानी र खर्चको पारदर्शी रूपमा अभिलेख राख्ने।

(२) आवधिक प्रतिवेदन तयार गरी पठाउने।

(३) आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण र तोकिएका कार्य गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश